# चौरजहारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

चौरजहारी, रुकुम (पश्चिम) ०८८-४०११४६,९८५७८२६१११
कर्णाली प्रदेश, नेपाल ito.chaurjaharimun@gmail.com


चौरजहारी नगर पालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

प.स. : २०७९/०८०

च.नं. : १६६१

मिति : २०८०/०२/०९

**विषय :- मुख्यमन्त्री रोजगार कार्यक्रमका लागि आयोजना छनोट गरी पठाउने सम्बन्धमा ।**

**श्री वडा कार्यालयहरू (सबै),**
**चौरजहारी नगरपालिका, रुकुम (पश्चिम) ।**

उपर्युक्त विषयमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुर्खेतको च.न. १६६९, मिति २०८०/०२/०५ गतेको आर्थिक वर्ष २०८०/०८१ को मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आयोजना छनोट तथा सिफारिस सम्बन्धमा लेखिएको पत्र यसैसाथ संलग्न छ । सोही पत्रबाट थप व्यहोरा अवगत गरी मिति २०८०/०२/१२ गते भित्र वडा समितिको बैठक बसी बैठकको निर्णयसहित आयोजना प्राथमिकताक्रम गरी अनिवार्य पठाउनुहुन अनुरोध छ ।

२०८०/०२/०९

............
शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

कर्णाली प्रदेश सरकार
# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

पत्र सङ्ख्या : २०७९/०८० (शा.सु/योजना) चलानी नम्बर : ११६६ मितिः २०८०/०२/०५

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

चौरजहारी नगरपालिका
दर्ता नं.: २६५४
मितिः २०८०/०२/०५

विषयः आर्थिक वर्ष २०८०/०८१ को मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आयोजना छनौट तथा सिफारिस सम्बन्धमा।

श्री स्थानीय तह (सबै),
कर्णाली प्रदेश।

प्रस्तुत विषयमा मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०८०/०८१ मा कार्यान्वयन हुने आयोजनाहरू छनौट तथा सिफारिस गर्ने सम्बन्धमा देहाय अनुसार मुख्यमन्त्री रोजगार कार्यक्रम आयोजना छनौट गरी मिति २०८०/०२/१५ गते भित्र आयोजना सिफारिस गरी पठाउनु हुन निर्णयानुसार (मा. मुख्यमन्त्रीस्तर) अनुरोध छ।

देहायः

१. प्रत्येक स्थानीय तहहरूलाई वडागत रुपमा अधिकतम बजेट सीमा (मुगु, हुम्ला र डोल्पाका वडाका लागि प्रति वडा २० लाख अन्य जिल्लाका वडाका लागि प्रति वडा १५ लाख) रहेकाले सोही बजेट सीमा भित्र रही आयोजना सिफारिस गर्ने।
२. प्रत्येक वडाले माथि बुँदा नं. १ बमोजिमको बजेट सीमाभित्र रही (हुम्ला, मुगु र डोल्पाको हकमा अधिकतम २० लाख लागतका र अन्यमा अधिकतम् १५ लाख लागत भएका) वडा बासीहरूको आम भेलाबाट माग भएका योजनाहरू मध्येबाट वडा समितिको निर्णय प्रमाणित गराई प्राथमिकताक्रम समेत तोकी बढीमा पाँचवटा सम्म आयोजना छनौट गरी सम्बन्धित स्थानीय तहमा पठाउने।
३. सम्बन्धित स्थानीय तहले वडाबाट प्राथमिकता क्रम सहित प्राप्त सबै आयोजनालाई रुजु गरी सोही वडाबाट प्राप्त आयोजना मध्येभित्रबाट मात्र प्राथमिकताक्रम तोकी कार्यपालिकाबाट निर्णय (प्रमाणित) गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आयोजनाहरु पठाउँदा cmep.karnali.gov.np मार्फत प्रविष्टी गरी वडा र कार्यपालिकाको निर्णय तथा पत्र समेत अपलोड गर्नुपर्नेछ।
४. स्थानीय तहबाट प्राप्त आयोजना मध्येबाट कर्णाली प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (निर्देशक समिति) ले उपयुक्त आयोजना छनौट गरी कार्यान्वयनको लागि सम्बन्धित स्थानीय तहमा सशर्त अनुदानको रूपमा पठाउनेछ।
५. आयोजना सिफारिस गर्दा देहाय अनुसार विषयक्षेत्र मध्येबाट गर्नुपर्नेछ।

कर्णाली प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

वीरेन्द्रनगर, सुर्खेत, नेपाल

पत्र सङ्ख्या : २०७९/०८० (शा.सु/योजना) चलानी नम्बर : १६६१

देहायः

| क.सं. | आयोजनाको क्षेत्र/उपक्षेत्र | बजेट खर्च प्रतिशत | |
|---|---|---|---|
| | | पारिश्रमिक (न्युनतम) | सामाग्री खरिद (अधिकतम) |
| १ | उत्पादन मूलक उद्योग स्थापना र सञ्चालन | ५० | ५० |
| २ | कृषि (सामुहिक तथा सहकारी खेती) उत्पादन/संकलन/प्रशोधन | ६० | ४० |
| ३ | सतह तथा भूमिगत सिंचाई | ६० | ४० |
| ४ | खानेपानी | ६० | ४० |
| ५ | तालतलैया, जलाशय, पानी सङ्कलन पोखरी | ७० | ३० |
| ६ | सडक स्तरोन्नती तथा सडकमा पक्की नाला/ढल/पेटी | ५० | ५० |
| ७ | खेलमैदान | ७० | ३० |
| ८ | विद्यालयका ढुङ्गा वा इट्टाका पर्खाल | ५० | ५० |
| ९ | पर्यटन पूर्वाधार | - | - |
| | ९.१ पदमार्ग | ७० | ३० |
| | ९.२ पर्यटन विश्राम स्थल | ७० | ३० |
| | ९.३ सामुदायिक भवन | ६० | ४० |
| | ९.४ सिंढीहरू | ६० | ४० |
| १० | स्वास्थ्य भवन | ५० | ५० |
| ११ | लघु जलविद्युत | ५० | ५० |
| १२ | पानी घट्ट तथा घट्ट कुलो | ७० | ३० |

६. आयोजना सिफारिस गरी पठाउँदा कार्यालयको पत्रसाथ CMEP Portal (cmep.karnali.gov.np) मार्फत अनिवार्य प्रविष्टी गरी पठाउनु पर्नेछ। CMEP Portal मार्फत प्रविष्टिमा समस्या भएमा कार्यालयमा सम्पर्क गरी ईमेल (niti.ocmcmkarnali@gmail.com विद्युतीय प्रति) मार्फत पठाउनु पर्नेछ।

७. पारिश्रमिक तर्फको बजेट आयोजनामा काम गर्ने श्रमीक(बेरोजगार)हरुको व्यक्तिगत बैंक खातामा उनीहरुले काम गरेको पारिश्रमीक/ज्याला रकम अनिवार्य रुपमा जम्मा हुने प्रवन्ध मिलाउनु पर्नेछ।

कर्णाली प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

वीरेन्द्रनगर, सुर्खेत, नेपाल

पत्र सङ्ख्या : २०७९/०८० (शा.सु/योजना) चलानी नम्बर : १६६५

७.स्थानीय तहले आयोजना प्रास्ताव गर्दा देहाय बमोजिमको ढाँचामा गर्नुपर्नेछ।

**देहायः-**

स्थानीय तहको नामः-

| क्र. सं. | आयोजनाको नाम | आयोजनाको क्षेत्र/ उपक्षेत्र | आयोजना कार्यान्वयन गरिने | | लागत रुपैयाँ (हजारमा) सहभागिता | | | | | लाभान्वित संख्या | कार्यान्वयन गर्न लाग्ने समयावधि | अपेक्षित नतिजा | प्राथमिकता क्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | वडा नं. | स्थान | संघ | प्रदेश | स्थानीय तह | अन्य | जम्मा | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

(राम बहादुर सारु)
अधिकृत सातौं

**सादर अवगतार्थः**

माननीय प्रदेश सभा सदस्य (सबै), कर्णाली प्रदेश सभाः
सबै स्थानीय तहलाई यस बमोजिम पत्राचार गरिएकोले सादर अवगतार्थ।
मा.मुख्यमन्त्रीज्यूको निजी सचिवालय,
श्रीमान प्रमुख सचिवज्यूको सचिवालय,
कर्णाली प्रदेश, सुर्खेत।

**बोधार्थः**

श्री सूचना प्रविधि तथा समन्वय शाखाः कार्यालय र मुख्यमन्त्री रोजगार कार्यक्रम व्यवस्थापन सूचना प्रणालीको वेबसाइटमा अपलोड गर्नुहुन।

☎ ०८३-५२०१८७, ५२२१६४, ५२१८३२ फ्याक्स : ०८३-२५२६९८, ५२४७७४